चौतारा साँगाचोकगढी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
चौतारा, सिन्धुपाल्चोक

visit Nepal 2020 Lifetime Experiences

३ नं. प्रदेश, नेपाल

प.स.०७६।०७७
च.न. ११०५

मिति : २०७६।१०।२१

श्री चौतारा साँगाचोकगढी नगरपालिका
वडा कार्यालय सवै ।

विषय : द्वन्द प्रभावित परिवारलाई सहायता गर्ने कार्यक्रम एवं सीप बिकास तथा सीप मूलक तालिम सम्वन्धि सूचना पठाइएको बारे ।

प्रस्तुत बिषयमा प्रदेश सरकार आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमति प्रदेश, हेटौडा, मकवानपुरको द्वन्द प्रभावित परिवारलाई सहायता गर्ने कार्यक्रम सम्वन्धि मिति २०७६/१०/०३ मा प्रकाशीत सूचना एवं द्वन्द प्रभावित परिवारलाई सहायता गर्ने सम्बन्धि कार्यविधि र सीप बिकास तथा सीपमूलक तालिम सम्बन्धि दोस्रो पटक प्रकाशीत मिति २०७६/१०/१९ को सूचना यसै पत्र साथ संलग्न गरि आवश्यक कार्यार्थ पठाईएको व्यहोरा अनुरोध छ ।

२०७६।१०।२१

(कृष्ण प्रसाद पाण्डे)
प्रमुख प्रशासकीय अधिकृत
प्रमुख प्रशासकीय अधिकृत

http://chautaramun.gov.np/ chautaramun@gmail.com ०११-६२०४७७, ३१३ ०११-६२००४७

प्रदेश सरकार

आन्तरिक मामिला तथा कानून मन्त्रालय

बागमती प्रदेश

हेटौडा,मकवानपुर

द्वन्द्व प्रभावित परिवार लाई सहायता गर्ने कार्यक्रम सम्बन्धी सूचना ।

सूचना प्रकाशित मितिः-२०७६।१०।०३ गते

संघीय लोकतान्त्रिक गणतन्त्र प्राप्तिका लागि भएका सबै किसिमका राजनितिक आन्दोलनहरुमा जीवन उत्सर्ग गर्ने सहिद,मृतक,बेपत्ता परिवार,घाईते तथा अपाङगता भएका व्याक्ति एवं परिवारलाई स्वास्थ्य,सीप विकास तथा क्षमता अभिबृद्धि र रोजगारी लगायतका कार्यक्रममा सहयोग गर्न आर्थिक वर्ष २०७६/०७७ को नीति कार्यक्रम तथा बजेटमा भएको व्यवस्था अनुसार प्रदेश सरकारबाट स्वीकृत ***"द्वन्द्व प्रभावित परिवार लाई सहायता गर्ने सम्बन्धी कार्यविधि,२०७६"*** *अनुसार बागमती प्रदेश भित्रका १३ वटा जिल्लाका द्वन्द्व प्रभावित व्याक्ति र परिवारका सदस्यलाई सहायता गर्ने कार्यक्रम रहेकोले कार्यविधि अनुसार गत वर्ष सहायता रकम नलिएका द्वन्द्व प्रभावित व्याक्ति र परिवारका सदस्यले देहाय बमोजिमको कुनै एक शीर्षकमा सहायता प्राप्तिका लागी कार्यविधिको दफा ३ को उप दफा (११) बमोजिमका कागजातहरु संलग्न गरी तोकिएको विवरण खुलाई २०७६ फाल्गुन मसान्त भित्र सम्बन्धित स्थानीयतहमा रहेको स्थानीय समिति वा यस मन्त्रालय समक्ष कार्यविधिको अनुसूची-१ बमोजिमको ढाँचामा निवेदन गर्नुहुन सम्बन्धित सरोकारवाला सबैको जानकारीको लागी यो सूचना प्रकाशित गरिएको छ ।*

सहायता सम्बन्धि व्यवस्था

(१) औषधि उपचार

(२) सीप विकास

(३) स्वरोजगार मूलक व्यवसाय

थप जानकारीको लागी सम्बन्धित स्थानीयतह र मन्त्रालयको website:– *www.moial.bagmati.gov.np वा फोन नं.०५७-५२२८४१,५५२७५१३,५२७५१४ मा बुझ्न सकिने छ ।*

द्वन्द्व प्रभावित परिवारलाई सहायता गर्ने सम्बन्धी कार्यविधि

लोकतान्त्रिक गणतन्त्र प्रासिका आन्दोलनमा बेपत्ता भएका, घाईते तथा अपाङ्ग भएका व्यक्ति तथा द्वन्द्वबाट प्रभावित भएका परिवारलाई शिक्षा, स्वास्थ्य लगायत सीप विकासमा सहयोग गर्न प्रदेश सरकारको आ.व. २०७५ /०७६ को नीति, कार्यक्रम तथा बजेटमा भएको व्यवस्था कार्यान्वयन गर्न प्रदेश सरकार(मन्त्रिपरिषद्) बाट यो कार्यविधि स्वीकृत गरी जारी गरिएको छ ।

१. <u>संक्षिप्त नाम, प्रारम्भ र विस्तार</u> (१) यस कार्यविधिको नाम "द्वन्द्व प्रभावित परिवारलाई सहायता गर्ने सम्बन्धी कार्यविधि २०७५" रहेको छ ।

(२) यो कार्यविधि प्रदेश सरकार (मन्त्रिपरिषद्) ले स्वीकृत गरेको मितिबाट प्रारम्भ हुनेछ ।

(३) यो कार्यविधि यस प्रदेशमा लागू हुनेछ ।

२. <u>परिभाषा:</u> विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा-

(क) "कार्यविधि" भन्नाले राजनैतिक आन्दोलनका बेपत्ता परिवार, घाइते तथा अपाङ्गता भएका व्यक्ति तथा परिवार एवं द्वन्द्व पीडितका परिवारलाई सहायता गर्ने सम्बन्धी कार्यविधि, २०७५ सम्झनु पर्छ।

(ख) "द्वन्द्व प्रभावित परिवार" भन्नाले बेपत्ता परिवार, घाइते तथा अपाङ्गता भएका व्यक्ति तथा द्वन्द्व पीडितका परिवारलाई सम्झनु पर्छ।

(ग) "परिवार" भन्नाले विभिन्न किसिमका राजनैतिक आन्दोलनका बेपत्ता भएका परिवार, घाइते तथा अपाङ्गता भएका व्यक्ति तथा परिवार एवं द्वन्द्व पीडितका परिवारसँग बस्ने तथा निज आफैले पालन पोषण गर्नुपर्ने पति, पत्नी, छोरा, अविवाहिता छोरी, धर्मपुत्र, अविवाहिता धर्मपुत्री, नातिनातिना, बाबु, आमा वा सौतेनी आमा सम्झनुपर्छ र सो शब्दले पुरुष र अविवाहिता महिलाको हकमा निजको बाजे, बज्यै तथा विवाहिता महिलाको हकमा निजको सासू, ससुरा समेतलाई जनाउँछ ।

(घ) "प्रदेश" भन्नाले प्रदेश नं. ३ लाई जनाउँछ ।

(ङ) "मन्त्रालय" भन्नाले आन्तरिक मामिला तथा कानून मन्त्रालय सम्झनु पर्छ ।

(च) "समिति" भन्नाले दफा ४ बमोजिम गठन गरिएको समितिलाई सम्झनु पर्छ ।

(छ) "सहायता प्राप्त गर्ने व्यक्ति" भन्नाले विभिन्न किसिमका राजनैतिक आन्दोलनका बेपत्ता परिवार, घाइते तथा अपाङ्गता भएका व्यक्ति तथा परिवार एवं द्वन्द्व पीडितका परिवारको यस अघि जिल्ला प्रशासन कार्यालयको अभिलेखमा नाम समावेश भै राहत तथा आर्थिक सहायता प्राप्त गरेको व्यक्ति सम्झनु पर्छ ।

(ज) "स्थानीय तह" भन्नाले गाउँपालिका र नगरपालिकालाई सम्झनु पर्दछ र सो शब्दले महानगरपालिका र उपमहानगरपालिका समेत जनाउँछ।

(झ) "स्थानीय समिति" भन्नाले दफा ६ बमोजिम गठन गरिएको समितिलाई सम्झनु पर्दछ ।

३. सहायता सम्बन्धी व्यवस्था: (१) द्वन्द्व प्रभावित परिवारका सदस्यले देहाय बमोजिम कुनै शीर्षकमा सहायता चाहेमा देहाय बमोजिमको विवरण खुलाई स्थानीय समिति समक्ष अनुसूची -१ बमोजिमको ढाँचामा निवेदन दिनु पर्नेछः-

(क) औषधि उपचार,

(ख) शिक्षा,

(ग) सीप विकास तालिम ।

(२) उपदफा (१) बमोजिक प्राप्त निवेदनको मागको आधारमा द्वन्द्व प्रभावित परिवारका सदस्यको स्वास्थ्यमा पहुँच पुऱ्याउन अनिवार्य रुपमा स्वास्थ्य बिमा गरिनेछ ।

(३) उपदफा (१) बमोजिम प्राप्त निवेदनको मागको आधारमा देहायको औषधि उपचारको लागि रु २५,०००।- (स्वास्थ्य बिमाको रकम समेत) रकममा नबढने गरी औषधि उपचार खर्च उपलब्ध हुनेछ :-

(क) परीक्षण तथा औषधि खर्चको बिल बमोजिमको रकम,

(ख) अस्पतालमा भर्ना भई उपचार गराउदा परीक्षण तथा औषधि खर्चका अतिरिक्त ७ दिनसम्म खाना खर्च बापत विरामी र एकजना कुरुवाका लागि प्रतिव्यक्ति प्रतिदिन रु.४००।- दरले बिल बमोजिमको रकम,

(ग) विशेष अवस्थामा समितिले आवश्यकता र औचित्यताका आधारमा उपदफा (३) मा उल्लेखित रकममा नबढ्ने गरी थप रकम स्वीकृत गर्न सक्नेछ,

(घ) बिमाले समेट्न नसकेका रोग लागेका विरामीको लागि स्थानीय समितिको निर्णय बमोजिम उपदफा (३) मा उल्लेखित रकममा नबढने गरी रकम उपलब्ध गराउन सक्नेछ ।

प्रदेश सरकार
आन्तरिक मामिला तथा कानून मन्त्रालय
प्रदेश नं. ३
हेटौंडा, मकवानपुर, नेपाल

(ङ) औषधि उपचारको लागि सरकारी अस्पताल वा सरकारले निर्देशिकामा तोकेको अस्पताल बाहेक अन्य अस्पतालमा उपचार गराएकोमा रकम उपलब्ध हुने छैन ।

(४) उपदफा (१) बमोजिम प्राप्त निवेदनको मागको आधारमा द्वन्द्व प्रभावित परिवारका एक्काईस वर्ष उमेर सम्मका बढीमा दुई जना छोरा वा छोरीलाई छात्रवृत्तिको लागि दोहोरो नपर्ने गरी प्रतिव्यक्ति देहाय बमोजिमको रकम अनुसूची-२ बमोजिमको ढाँचामा विवरण भरी समितिको सिफारिशको आधारमा उपलब्ध गराईनेछः-

(क) माध्यमिक विद्यालय तह रु. १०,०००।–

(ख) दश जोड दुई (१०+२) वा सो सरह रु. १२,०००।

(ग) खण्ड (ख) भन्दा माथिल्लो तहको लागि रु. १२,५००।

तर विदेशमा अध्ययन गर्ने छात्रछात्राका हकमा यस्तो छात्रवृत्ति रकम उपलब्ध गराइने छैन ।

(५) उपदफा (१) बमोजिम सीप बिकास तालिमका लागि अनुसूची-३ मा उल्लेखित कुनै एक विषय छनौट गरी स्थानीय समितिमा निवेदन पेश गर्नु पर्नेछ । प्राप्त निवेदनको मागको आधारमा स्थानीय समितिले विवरण मन्त्रालय समक्ष पठाउनु पर्नेछ ।

(६) स्थानीय समितिबाट प्राप्त तालिमको मागको आधारमा मन्त्रालयले सरकारी, अर्धसरकारी तथा निजी तालिम प्रदायक संस्थासँग तोकिएको बजेटको परिधि भित्र रहेर तालिम संचालनको लागि समन्वय र व्यवस्थापन गर्नेछ ।

(७) निवेदकले अनुसूची -१ बमोजिमको ढाँचामा भरेको निवेदनका साथ देहायका कागजात संलग्न गर्नु पर्नेछः-

(क) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,

(ख) राजनैतिक आन्दोलन (सशस्त्र संघर्ष) का क्रममा शहिद भएका परिवार, बेपत्ता भएका परिवार एवं घाइते तथा अपाङ्गता भएका व्यक्ति तथा परिवार एवं द्वन्द्व पीडितका परिवारलाई आधिकारिक निकायबाट जारी भएको परिचयपत्र,

(ग) आफूले चाहेको सहयोगको विवरण सहितको निवेदन,

(घ) अस्पतालको प्रेश्कृप्सन र औषधि खरिद गरेको सक्कल बिल (औषधि उपचारको हकमा),

(ङ) शैक्षिक संस्थामा अध्ययन गरिरहेको प्रमाण (छात्रवृत्तिको लागि),

(च) अन्य निकायबाट छात्रवृत्ति नलिएको सम्बन्धित निकायको पत्र ।

नेपाल सरकार महिला तथा कानून मन्त्रालय ... नं. ३ ... नेपाल

(८) उपदफा (१) बमोजिम सहायता वितरण गर्दा तेह जिल्लाका जिल्ला प्रशासन कार्यालयबाट प्राप्त अभिलेखलाई आधार मानी समानुपातिक अनुपातको आधारमा बढीमा दुई हजार घर परिवारलाई प्रति परिवार रु पच्चीस हजारमा नबढने गरी सहायता रकम वितरण गरिनेछ ।

४. **निर्देशन तथा अनुगमन समितिः** (१) द्वन्द्व प्रभावित परिवारका सदस्यलाई दफा (३) बमोजिम उपलब्ध हुने सहायता रकम र कार्यक्रमको अनुगमन र समीक्षा गर्नका लागि देहाय बमोजिमको निर्देशन तथा अनुगमन समिति रहनेछ :-

क) मन्त्री, आन्तरिक मामिला तथा कानून मन्त्रालय - अध्यक्ष

(ख) सचिव, आन्तरिक मामिला तथा कानून मन्त्रालय - सदस्य

(ग) सचिव, आर्थिक मामिला तथा योजना मन्त्रालय - सदस्य

(घ) सचिव, सामाजिक विकास मन्त्रालय - सदस्य

(च) प्रदेश लेखा नियन्त्रक, प्रदेश लेखा नियन्त्रक कार्यालय - सदस्य

(छ) सम्बन्धित महाशाखा प्रमुख, आन्तरिक मामिला तथा कानून मन्त्रालय - सदस्य सचिव

(२) निर्देशन तथा अनुगमन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) स्थानीय समितिलाई आवश्यक निर्देशन, समन्वय र सहयोग गर्ने,

(ख) कार्यक्रमको अनुगमन गर्ने,

(ग) कार्यक्रमको उपयोगिता र सान्दर्भिकताको बारेमा समीक्षा गर्ने,

(घ) स्थानीय समितिलाई राय सुझाव दिने,

(ङ) यस कार्यविधि कार्यान्वयनमा कुनै बाधा अडचन वा द्विविधा भएमा त्यस्तो बाधा अड्चन र द्विविधा फुकाउने ।

५. **स्थानीय समितिः** (१) स्थानीय तहमा आर्थिक सहायता सिफारिस गर्न र कार्यक्रमको गुणस्तरीयता तथा सदुपयोग सुनिश्चितता प्रदान गर्न देहाय बमोजिम एक स्थानीय समिति हुनेछ :-

(क) प्रमुख, सम्बन्धित स्थानीय तह -संयोजक

(ख) प्रमुख प्रशासकीय अधिकृत, सम्बन्धित स्थानीय तह - सदस्य

(ग) महाशाखा/शाखा प्रमुख, सम्बन्धित स्थानीय तह (शिक्षा क्षेत्र हेर्ने) - सदस्य

(ङ) महाशाखा/शाखा प्रमुख, सम्बन्धित स्थानीय तह (स्वास्थ्य क्षेत्र हेर्ने) - सदस्य

(ङ) प्रमुखले तोकेको प्रतिनिधि एक जना -सदस्य सचिव

(२) स्थानीय समितिको काम, कर्तव्य र अधिकारः-

(क) प्राप्त हुन आएका निवेदन उपर छानविन गर्ने,

(ख) मनासिव देखिएका निवेदन उपर तोकिए बमोजिमको रकम उपलब्ध गराउन सिफारिस गर्ने,

(ग) सहायता रकम सदुपयोग भए नभएको अनुगमन गर्ने,

(घ) सहायता रकम दुरुपयोग हुन नदिन आवश्यक व्यवस्था मिलाउने,

(ङ) आम्दानी र खर्च सहितको बार्षिक प्रतिवेदन समितिमा पेश गर्ने,

(च) समितिको निर्देशन अनुसार अन्य कार्यहरु गर्ने ।

६. <u>बजेट निकासा प्रक्रिया</u>ः (१) प्राप्त हुन आएका निवेदन उपर छानबिन गरी स्थानीय समितिको सिफारीस अनुसारको रकम मन्त्रालयले सम्बन्धित स्थानीय तहमा पठाउनेछ र सोही स्थानीय तहबाट सम्बन्धित व्यक्तिलाई सहायता रकम उपलब्ध हुनेछ ।

(२) आर्थिक मामिला तथा योजना मन्त्रालयबाट सम्बन्धित अख्तियारी पत्र प्राप्त भएपछि आन्तरिक मामिला तथा कानून मन्त्रालयले स्वीकृत कार्यक्रम र खर्च गर्ने अख्तियारी पत्र गाउँ कार्यपालिका/नगर कार्यपालिकामा पठाउनु पर्नेछ ।

(३) आन्तरिक मामिला तथा कानून मन्त्रालयबाट उपदफा (२) बमोजिमको अख्तियारी प्राप्त भए पछि गाउँ कार्यपालिका/नगर कार्यपालिकाले सम्बन्धित प्रदेश लेखा नियन्त्रक कार्यालयमा बजेट निकासा माग गरी प्राप्त निकासा आम्दानी बाध्नु पर्नेछ ।

(४) आर्थिक वर्षका अन्त्यमा खर्च नभई बाँकी रहको रकम गाउँ कार्यपालिका/नगर कार्यपालिकाले सम्बन्धित प्रदेश लेखा नियन्त्रक कार्यालयमा फिर्ता गर्नु पर्नेछ ।

७. <u>भुक्तानी प्रक्रिया</u>ः दफा ६ को उपदफा (२) बमोजिमको अख्तियारी प्राप्त भएपछि गाउँ कार्यपालिका/नगर कार्यपालिकाले राजनैतिक आन्दोलनमा बेपत्ता परिवार, घाइते तथा अपाङ्गता भएका व्यक्ति तथा परिवार एवं द्वन्द्व पीडीत परिवारका सदस्यका नाममा स्थानीय बैंकमा रहको खातामा र सो नभएमा शुन्य मौज्दात रकमको बचत खाता खोल्न व्यवस्था मिलाई नियमानुसार भौचर खडा गरी सम्बन्धित व्यक्तिका खातामा रकम जम्मा हुने गरी एकाउण्ट पेयी चेक स्थानीय बैंकमा पठाउनु पर्नेछ र सो को जानकारी सम्बन्धित खातावालालाई समेत दिनु पर्नेछ।

प्रदेश सरकार आन्तरिक मामिला तथा कानून मन्त्रालय प्रदेश नं. ३ हेटौंडा, मकवानपुर, नेपाल

८. **प्रतिवेदनः** स्वीकृत कार्यक्रम र अख्तियारी अनुसार भएको आम्दानी र खर्च सहितको बार्षिक प्रतिवेदन गाउँ कार्यपालिका/नगर कार्यपालिकाले अनिवार्य रुपमा आन्तरिक मामिला तथा कानून मन्त्रालयमा पठाउनुपर्नेछ।

९. **सहायता रकमको सीमाः** यस कार्यविधि बमोजिमको सहायता रकम विनियोजित रकमको सीमा भित्र रहेर उपलब्ध गराइनेछ । यस्तो सहायता रकम प्रदेश सरकारको बार्षिक बजेटको चालु खर्च शीर्षकमा छुट्याइएको भन्दा बढी हुने छैन।

१०. **दोहोरो सहायता लिन नहुनेः** दफा (३) को उपदफा (१) मा तोकिएका शीर्षकमा एक व्यक्ति वा परिवारका लागि कुनै एक शीर्षकबाट मात्र सहायता उपलब्ध गराइनेछ । त्यस्तो सहायताको लागि निवेदन दिदाँ कुनै एक शीर्षकमा मात्र निवेदन दिनु पर्नेछ।

११. **झुठा विवरण पेश गरी आर्थिक सहायता लिनेलाई कारबाहीः** झुठा विवरण वा यथार्थ भन्दा बढी खर्च देखाई स्वीकृत मापदण्ड भन्दा बढी रकम सहायता लिएको पाइएमा सम्बन्धित सहायता रकम लिने व्यक्तिबाट बढी बुझी लगेको रकम र झुठा विवरण पेश गरी लिएको रकम सरकारी बाँकी सरह असुल उपर गरिनेछ।

१२. **मापदण्ड भन्दा बढी सहायता रकम दिने निर्णय गर्ने र खर्च गर्नेलाई सजायः** कुनै पनि पदाधिकारीले यो कार्यविधिमा उल्लेखित सीमा भन्दा बढी हुने गरी कुनै व्यक्तिलाई सहायता दिने निर्णय गर्न वा खर्च गर्ने आदेश दिनु हुदैन । यदि कसैले मापदण्ड भन्दा बढी हुने गरी निर्णय गरेको वा खर्च गरेको पाइएमा त्यसरी बढी हुने रकम सरकारी बाँकी सरह असुल उपर गरिनेछ।

१३. **संशोधन गर्न सकिनेः** यस कार्यविधिको कार्यान्बयनको क्रममा आउने जटिलतालाई फुकाउन तथा कार्य प्रक्रियालाई सरल तुल्याउन प्रदेश सरकारलाई आर्थिक व्ययभार नपर्ने गरी आन्तरिक मामिला तथा कानून मन्त्रालयले यस कार्यविधिमा सामान्य थपघट, संशोधन तथा परिवर्तन गर्न सक्नेछ।

प्रदेश सरकार
आन्तरिक मामिला तथा कानून मन्त्रालय
प्रदेश नं. ३
हेटौंडा, मकवानपुर, नेपाल

अनुसूची - १

दफा ४ को उपदफा (१) संग सम्बन्धित

निवेदनको ढाँचा

पासपोर्ट साइजको फोटो

मिति :

विषय :सहयोग रकम पाउँ ।

श्री संयोजकज्यू

स्थानीय समिति, ----------------------- ।

म राजनैतिक आन्दोलनमा बेपत्ता परिवार /घाइते /अपाङ्गता भएका व्यक्ति /द्वन्द्व पीडित परिवार भएकाले द्वन्द्व प्रभावित परिवारलाई सहायता गर्ने सम्बन्धी कार्यविधि, २०७५ को दफा ४ (१) (क),दफा ४ (१) (ख) र दफा ४ (१) (ग) बमोजिमको औषधि उपचार, शिक्षा, सीप विकास कार्य सञ्चालनको लागि निम्न लिखित कागजात संलग्न गरी सहयोग रकम उपलब्ध गराई दिनुहुन निवेदन गर्दछु ।

संलग्न कागजात (सम्लग्न रहेको रेजा लगाउने)

१.नेपाली नागरिकताको प्रतिलिपि

२.द्वन्द्व प्रभावित परिवार भनी आधिकारीक निकायबाट जारी भएको परिचय पत्र

३. हालसालै खिचेको २ प्रति फोटो

४. अस्पतालको प्रेश्कृप्सन र औषधि खरिद गरेको सक्कल बिल (औषधि उपचारको हकमा)

६. शैक्षिक संस्थामा अध्ययन गरिरहेको प्रमाण (छात्रवृत्तिको लागि)

७. अन्य निकायबाट छात्रवृत्ति नलिएको सम्बन्धित निकायको पत्र

निवेदकको

नाम थरः

ठेगानाः

दस्तखतः

मितिः

प्रदेश सरकार
आन्तरिक मामिला तथा कानून मन्त्रालय
प्रदेश नं. ३
हेटौंडा, मकवानपुर, नेपाल

अनुसूची - २

दफा ३ को उपदफा (४) संग सम्बन्धित

द्वन्द्व प्रभावित परिवारका छोरा/छोरीलाई छात्रवृत्ति प्रदान गर्न रकम मागको सिफारिस गर्दा प्रयोग गर्ने नमुना फाराम

सि.नं.	पीडित परिवारको नाम	आर्थिक सहायता पाएको मिति	छोरा/छोरीको नाम थर	उमेर (वर्ष)	कक्षा/तह	शिक्षण संस्थाको नाम	शिक्षण संस्थाको ठेगाना	सिफारिस गरिएको रकम रु.
१.								
२.								
३.								

....

संयोजक

स्थानीय समिति

अनुसूची - ३

दफा ३ को उपदफा (५) संग सम्बन्धित

सीप विकास तालिमका विषयहरुको विवरण

कुनै एक शीर्षकमा रेजा लगाउने

१. मोबाइल मर्मत

२. इलेक्ट्रोनिक तालिम

३. प्लम्बीङ्ग तालिम

४. हाउस वाइरिङ्ग

५. भेटनरी तालिम

६. सैलुन

७. Hospitality सम्बन्धी (कुक, वेटर, हाउसकिपिङ्ग लगायत)

८. ड्राइभिङ्ग (हलुका सबारी , हेभी र मेशीनरी)

९. ब्युटी पार्लर

१०. हेन्डीक्राफ्ट सम्बन्धी तालिम (बाँसबाट सामान बनाउने, गुडीया बनाउने र नेपाली कागज बनाउने लगायत)

११. सिलाई कटाई तालिम

प्रदेश सरकार
आन्तरिक मामिला तथा कानून मन्त्रालय
प्रदेश नं. ३
हेटौंडा, मकवानपुर, नेपाल